‘यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।’ - मदर टेरेसा

५औं वार्षिकोत्सव

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा ‘ख’ मा बर्गिकृत

साप्ताहिक

वर्ष ५ | अंक १६ रूकुम | २०७५ चैत ११ सोमबार | 25 March 2019 Monday | मुल्य २० | पृष्ठ ६

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :
९८४७८७६७१३
Email-info@rekhadekh.com



‘डिभोर्सी केटी’ २



तपाई के थरी ? यो साधारण प्रश्न, जसले घाइते बनाउँछ ४



अनौठा केही विश्व कीर्तिमान ६

# स्यार्पूतालमै तीन मेगावाट क्षमताको विद्युत

**रेखदेख संवाददाता**
**मुसीकोट**

स्यार्पुतालबाट दोस्रो जलविद्युत आयोजना निर्माणको तयारी थालिएको छ। बाँफिकोट गाउँपालिका ३ र ५ नम्बर वडामा अवस्थित स्यार्पुतालबाट ३ मेगावाट क्षमताको दोस्रो जलविद्युत आयोजना निर्माणको तयारी थालिएको हो।

स्यार्पु पावर कम्पनी लिमिटेडले विद्युत निर्माणको काम थालेको हो। जस अनुसार विद्युत् उत्पादनका लागि सम्भाव्यता अध्ययनको काम सकिएको छ। स्यार्पुतालबाट खेर गएको पानीको प्रयोग गरेर विद्युत निर्माणको तयारी थालिएको निर्माण कम्पनीका अध्यक्ष धनबीर ओलीले जानकारी दिएका छन्।

उनले भने,‘विज्ञ तथा प्राविधिक सम्मिलित टोलीले झन्डै एक महिना लगाएर विद्युत आयोजना निर्माणको सम्भाव्यता अध्ययन गरेको छ।’ संभाव्यता अध्ययनबाट ३ देखी ५ ममेगावाट सम्म विद्युत् उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको अध्यक्ष ओलीले बताए।

यसअघि निर्माण भएको विद्युत् आयोजनाको ड्याम साइड भन्दा मुनिबाट अर्को विद्युत् आयोजनाका लागि ड्याम तयार पारिने जनाएको छ। ड्याम साइडबाट बाँफिकोट सालघारीतर्फ पानी लिएर बाल्लाचौरमा



फाईल तस्वीर

विद्युत् उत्पादन गृह बनाउने तयारी गरिएको छ। जसको उचाई २ सय ५६ मिटर रहेको छ। आगामी दुई वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी आयोजना निर्माणको कामलाई तिव्रता दिएको कम्पनीका अध्यक्ष ओलीले बताएका छन्।उक्त आयोजना जिल्ला भित्रकै बजेट परि चालन गरिने कम्पनीको तयारी रहेको छ। स्थानीय सरकारको ६० प्रतिसत लगनी र सर्वसाधारण बाट ४० प्रतिसत शेयर संकलन गरेर आयोजना निर्माणको काम थालिएको छ। स्यार्पुमा अर्को विद्युत् आयोजना निर्माण गर्ने तयारी गरिएपछि जिल्लाका स्थानीय सरकारले झन्डै रु.३ करोड रुपैयाँको शेयर खरिद गर्ने प्रतिबद्धता जनाएका छन्।

**स्थानीय सरकारको प्रतिवद्धता**

स्यार्पू दोस्रो जलविद्युत आयोजना निर्माणको लागि शेयर किन्ने स्थानीय सरकारले प्रतिवद्धता जनाएका छन्। जिल्ला समन्वय समिति, आठबीसकोट, चौरजहारी र मुसीकोट नगरपालिकाले विद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएका छन। यस्तै बाँफिकोट, सानीभेरी र त्रिवेणी गाउँपालिकाले पनि स्यार्पुमा निर्माण हुने विद्युत आयोजनामा लगानी गर्ने लिखित प्रतिबद्धता समेत जनाएका छन।

जस अनुसार जिल्ला समन्वय समिति रुकुम पश्चिमले रु.६५ हजार र आठबीसकोट नगरपालिकाले ६० हजार कित्ता शेयर किन्ने जनाएको छ। जसका लागि जिल्ला समन्वय समितिले उक्त आयोजनामा रु.६५ लाख र आठबीसकोट नगरपालिकाले रु. ६० लाख लगानी गर्ने निर्णय गरिसकेका छन्। यसैगरी चौरजहारी र मुसीकोट नगरपालिकाले ३०/३० लाख, बाँफिकोट, सानीभेरी र त्रिवेणी गाउँपालिकाले पनि ३०/३० लाख लगानी गर्ने निर्णय गरिसकेका छन्। प्रतिबद्धता अनुसार हालसम्म २ करोड ७५ लाख रुपैयाँ जुटेको निर्माण कम्पनीका सचिव चन्द्रबहादुर केसीले बताए। जिल्ला समन्वय समितिले ६१ लाख ७२ हजार र चार स्थानीय तहले १०/१० लाखको शेयर खरिद गरेका छन्। मुसीकोट नगरपालिका, बाँफिकोट, सानीभेरी र त्रिवेणी गाउँपालिकाले १०/१० लाखको शेयर खरिद गरेका हुन्। आठबीसकोट र चौरजहारी नगरपालिकाले पनि १०/१० लाखको शेयर खरिदको तयारी छ। स्यार्पुतालबाट हाल एउटा विद्युत् आयोजना सञ्चालनमा छ। २०४५ सालमा जापानी सहयोग नियोग (जाइका)निर्माण गरेको विद्युत् आयोजनाबाट २ सय ५० किलोवाट क्षमताको विद्युत उत्पादन भैरहेको छ। यो नै रुकुम पश्चिमको ठुलो क्षमताको विद्युत आयोजना हो। यसले रुकुम पश्चिमको विद्युत समस्या हल गर्ने विश्वास गरिएको छ।

# चितुवाको छाला सहित एक जना पक्राउ

**रेखदेख संवाददाता**
**मुसीकोट**

चितुवाको छाला सहित एक जना पक्राउ परेका छन्। रुकुम (पश्चिम) प्रहरीले एक जनालाई चितुवाको छाला सहित पक्राउ गरेको हो। जिल्लाको मुसिकोट नगरपालिका १ कैलदेउका ४७ वर्षीय भुमे सार्कीलाई चितुवाको छाला सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जानकारी दिएको छ। उनको घरमा चितुवाको छाला लुकाई छिपाई राखेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको विशेष टोलीले घर खानतलास गर्दा फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम)का प्रमुख प्रहरी नायव उपरिक्षक सुमित खड्काले जानकारी दिएका छन्।

शनिबार राती करिब ९ बजेतिर प्रहरीले सार्कीको घरमा छापा मारेको थियो। उनको घरको माथिल्लो तलामा लुकाई छिपाई राखेको अवस्थामा उक्त छाला फेला परेको डिएसपी खड्काले बताए।

पक्राउ परेका सार्कीलाई आईतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको छ।

पक्राउ परेका सार्कीलाई डिभिजन वन कार्यालयमा बुझाउने तयारी भइरहेको छ। अहिले उनलाई प्रहरी हिरासतमा राखेर अनुसन्धान गरि रहेको जनाएको छ।

ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

**एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**जीवन बीमा के को लागि :**
- ♦ कर छुटको लागि
- ♦ ऋण सुविधाको लागि
- ♦ परनिर्भरता उन्मुलनको लागि
- ♦ भविष्यको योजनाको लागि
- ♦ बचत प्रोहत्साहको लागि
- ♦ बच्चाको प्रत्येक महिना पढाई खर्च पाउनको लागि
- ♦ आफ्नो बुढेसकालको सहाराको लागि
- ♦ अनिवार्य बचतको लागि

**कम्पनीले हालसम्म २० प्रकारका योजना सञ्चालन गरेको छ ।**
- एशियन सावधिक जीवन बीमा (दुर्घटना लाभ सहित)
- १२,१५,१८,२० वर्षे अग्रिम भुक्तानी जीवन बीमा (दुर्घटना लाभ सहित)
- सुखी जीवन (सावधिक र आजिवन) जीवन बीमा (दुर्घटना लाभ सहित)
- बाल उमंग (सावधिक) जीवन बीमा मासिक शैक्षिक खर्च लाभ सहित
- वाल भविष्य (सावधिक) जीवन बीमा
- अधिकतम बीमा : रु. ५० लाख

अधिकतम बोनस ब्याजदर प्रतिहजार ८५ रुपैयाँ सम्म पाउने
(सबैको लागि सधैंको लागि सुरक्षा)

**पुरक करार अर्न्तगत समावेस हुने घातक रोगहरू :**
- सवै किसीमको क्यानसर रोग
- किड्नी फेलियर : (एण्ड स्टेजरेनल फेलियर)
- खास गम्बीर प्रकृतिको ब्रेन ट्युमर
- बहु स्क्लेरोसिस
- मुख्य अंग प्रत्यारोपन गरिएका।
- कोरोनरी आर्टरी वाइपास ग्राफ्ट (सल्याकृयागरी ब्रेष्ट वोनलाई छुट्याउन गरिएको भएमा।
- एओर्टा सर्जरी (महाधमनीको शल्यकृया)
- मुटुको धमनीको शल्यकृया
- मष्तिष्क घात (स्ट्रोक)
- मायोकार्डियल इन्फ्राक्शन (पहिलो हृदय घातक )

**बिस्तृत जानकारीको लागि**

सर्म्पक नम्बर : ०८८-५३००९४ मोवाईल नम्बर : ९८५७८२२६०७ मुसीकोट न.पा.१ रुकुम पश्चिम बागबजार ९८४७८६९२२७ र ९८०१०५९९८१

कुरा सबैका सुनौं, बीमा एशियनमै गरौ ।

# यसवर्षको एसईई परिक्षामा झण्डै साढे पाँच हजार सहभागी

**रेखदेख संवाददाता**
**मुसीकोट**

रुकुम पूर्व र पश्चिमबाट माद्यामिक शिक्षा परिक्षा (एसईई) २०७५ मा झण्डै साढे५ हजार विद्यार्थी सहभागि हुने भएका छन्।

चैत १० गते देखी २१ गते सम्म सञ्चालन हुने (एसईइ) परिक्षामा रुकुम पूर्व र पश्चिमबाट ५ हजार ३ सय ६१ जना विद्यार्थी सहभागि हुने भएका हुन्।

रुकुम पश्चिमबाट नियमित तर्फ ४ हजार १ सय १४ विद्यार्थी सहभागि भएको शिक्षा विकास तथा समन्वय ईकाइका प्राविधिक सहायक माधबी पुनले जानकारी दिएकी छिन्। उनका अनुसार - नियमित तर्फ छात्रा २ हजार १ सय ३३ र छात्र २ हजार ८ जना विद्यार्थी रहेका छन।

त्यस्तै रुकुम पश्चिममा ग्रेड वृद्धिको लागी १ सय ७१ जना विद्यार्थी



परिक्षामा सामेल भएका छन्। जसमा छात्र ७४ र छात्रा ९७ जना रहेका छन्। रुकुम पश्चिममा २३ वटा परिक्षा केन्द्र रहेका छन्।

सबैभन्दा बढी साधारण मा.वि. मुरुडाँडामा ३ सय २ जना विद्यार्थीले परिक्षा दिने भएका छन्। भने सबैभन्दा कम हिमाल मा.वि. खदीमा ७९ जना विद्यार्थी सहभागि रहेको शिक्षा विकास इकाइ रुकुम पश्चिमले जानकारी दिएको छ।

अघिल्लो वर्ष २२ वटा केन्द्र रहेको रुकुम पश्चिममा यस वर्ष थप एक वटा परिक्षा केन्द्र थपिएको छ। आठविसको नगरपालिका स्थित नेपाल राष्ट्रिय गत्तासैना केन्द्र थपिएको हो।

रुकुम पश्चिममा खुल्ला विद्यालय मार्फत १ सय २८ र प्राविधिक शिक्षा अर्न्तगतका ४७ जना विद्यार्थी एसइइ परिक्षामा सहभागी भएका छन्।

त्यस्तै रुकुम पूर्वमा यस वर्षको एसईई परिक्षामा १ हजार ५९ विद्यार्थी सहभागि रहेका छन्। शिक्षा विकास इकाई कार्यालय प्रमुख तीलक गौतमका अनुसार -४ सय ८३ केटा र ५ सय ७६ केटी परिक्षामा सहभागि भएको बताए। रुकुम पूर्वका ६ वटा परिक्षा केन्द्र रहेका छन्। आईतबारदेखी सञ्चालन भएको एसईई परिक्षा रुकुम पूर्व र पश्चिममा शान्ति र मर्यादित तरिकाले सम्पन्न भएको जनाएको छ।

रुकुम पूर्व र पश्चिममा अंग्रेजी विषयको परिक्षा १ सय १४ जना विद्यार्थी उनुपस्थित भएको परिक्षा केन्द्रहरुले जानकारी दिएका छन्।

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# परिक्षा मात्र अनुगमन किन ?

यस वर्षको एसईई परिक्षा सुरु भएको छ। चैत १० गते देखी सुरु भएको एसईई परिक्षामा रुकुम पश्चिम र पूर्वबाट ५ हजार ३ सय ६१ जना विद्यार्थी सहभागि भएका छन्।

रुकुम पश्चिमबाट मात्रै ४ हजार २ सय ८५ विद्यार्थी सहभागि रहेका छन् । भने रुकुम पूर्वबाट १ हजार ५९ जना विद्यार्थी सहभागी रहेका छन् ।

एसईई परिक्षा सुरु हुन महिना दिन अघि देखी नै परिक्षालाई मर्यादित बनाउने भन्दै तामझामका साथ गोष्ठी अन्तरक्रिया हुने गरेका छन् । परिक्षा अवधीमा पनि परिक्षा अनुगमनको नाममा हुलका हुल मान्छे प्रवेश गर्ने प्रचलन यथावत छ । जसले बाल

**"विद्यार्थीले वर्षभरी पढ्यो कि पढेन् ? किताव समयमा पायो कि पाएन ? शिक्षकले कोर्स पुरा गरेकी गरेनन् ? भन्ने कुराको अनुगमन गर्ने निकाय बन्नु पर्दैन ? वर्षभरी पढाईमा ध्यान नदिने परिक्षा अवधीमा गरिने अनुगमनले विद्यार्थीलाई त्रास मात्र सिर्जना गरेको हुन्छ ।"**

मनिस्थितिमा ठुलो असर गरिरहेको हुन्छ । उनीहरुले जानेका कुरा समेत लेख्न नसक्ने र डराउने हुनसक्छ। यसो भन्दै गर्दा परिक्षालाई मर्यादित बनाउनु हुँदैन भन्ने होईन् । परिक्षा मर्यादित बनाउनै पर्दछ। तर परिक्षा अवधिमा गरीने अनुगमनका नामलाई व्यवस्थित गरिनै पर्दछ । जबकी हामीले गरिने अनुगमनले विद्यार्थीलाई डर र त्रास सिर्जना नहोस्।

त्यस्तै विद्यार्थीले वर्षभरी पढ्यो कि पढेन् ? किताव समयमा पायो कि पाएन ? शिक्षकले कोर्स पुरा गरेकी गरेनन् ? भन्ने कुराको समेत अनुगमन निकाय बन्नु पर्दैन्। परिक्षा अनुगमन मात्रै गरेर केही हुँदैन्।

रेखदेख

**पाठक वर्गमा अनुरोध**

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

- सम्पादक

# 'डिभोर्सी केटी'

**उसका लागि विवाह एउटा सानो खेल थियो । यो समाजका हरेक पुरुषका लागि विवाह एउटा सानो खेल हो, उसले खेल खेलिसकेपछि "गल्ती भयो" भनेर फेरि सानदार जीवन जिउन सक्छ , तर महिलाका लागि विवाह खेल होइन, जीवनभरि उम्किन नपाउने जेल हो । किनभने म समाजका नजरमा अहिले एउटा कैद भोगेर आएको मान्छे जतिकै छु ।**





**खेमा बस्नेत**

उसका लागि विवाह एउटा सानो खेल थियो । यो समाजका हरेक पुरुषका लागि विवाह एउटा सानो खेल हो, उसले खेल खेलिसकेपछि 'गल्ती भयो' भनेर फेरि सानदार जीवन जिउन सक्छ । तर, महिलाका लागि विवाह खेल होइन, जीवनभरि उम्किन नपाउने जेल हो । किनभने म समाजका नजरमा अहिले एउटा कैद भोगेर आएको मान्छे जत्तिकै छु ।

उसले जति दूर राख्न चाहेपनि मेरो मनदेखि उसलाई दूर राखिनँ । श्रीमान् न हो एकदिन विधवत रुपमा आफ्नी श्रीमती बनाएकी मलाई स्वीकार्छ भन्ने आशा थियो । यही सोचेर उसका आमाबुवाको दुई वर्ष सेवा गरें ।

घरधन्दा सम्हालिदिएँ । तर, यी दुई वर्ष एक शब्द मीठो बोलेको मलाई याद छैन । अहिले बाटो बिराएपनि ऊ मेरो दृढतामा, धैर्यतामा र मायामा पग्लिएर एकदिन फर्केर आउने आशा जिवित राखेकी थिएँ । त्यसैले त घर अघि मोटरसाइकल रोकिएको आवाज आयो कि ऊ आयो भनेर दौडिदै बाहिर निस्किन्थें। तर, ऊ कहिल्यै आएन । आएपनि कहिल्यै बोलेन मसँग ।

मैले हार मानिसककी थिएँ । मेरो धैर्यताको बाँध धेरै दिन टिक्न सक्ने अवस्थामा थिएन । उसले मलाई फोन गर्ने थालेको थियो, तर फोनमा मुखमा आएजति असभ्य शब्द बोलेर गाली गर्थ्यो । कुनै समय उसको फोनको प्रतिक्षामा तड्पिने म अब उसको फोन आउँदा तर्सिन थालेकी थिएँ । उसले आफ्नो जीवन र घरबाट टाढा जाऊ भनेर गाली गर्थ्यो । म आफ्नो मर्जीले आएकी थिइनँ, उसले मागेको थियो । डोली लिएर आएको थियो उ मेरो घर र आएकी थिएँ म । कसरी जाउँ म ? कहाँ जाउँ म ? तर, मसँग अर्को विकल्प पनि थिएन । म उसको जीवनबाट भागें अर्थात् डिभोर्स गरें । गल्ती उसकै थियो, म भाग्दा स्वतन्त्र उही भयो । म त हिजो पनि कैदी थिएँ र आज पनि छु। किनभने समाजले भन्ने गरेको 'डिभोर्सी' केटीको हतकडी मेरा हातबाट कहिल्यै निस्किने छैन । ऊ पनि यही समाजमा बाँचिरहेको छ, अर्की केटीसँग विवाह गरेर फुक्काफाल जिन्दगी । म पनि यही समाजमा बाँचिरहेकी छु, विना गल्तीकी अपराधी भएर ।

सुरुकै प्रसंग जोडौं, म बिग्रिइनँ कहिल्यै । सरासर पढें, घरपरिवारले भनेकै केटासँग विवाह गरें । तर , आज समाजले विग्रिएकी मलाई नै ठान्छ । ऊ पटक पटक विग्रियो, आफू मात्रै विग्रिएन अरुलाई पनि विगार्यो । तर, उसलाई समाजले सप्रेको मान्छे ठान्छ ।

यसैले त उही इज्जत र उही सानसहित जिइरहेको छ ऊ । म भने मेरो नामले भन्दा डिर्भोसी केटीको उपनामले परिचित छु । यति आफ्नो कथा सुनाइर हँदा ती दिदीले धेरैपल्ट आँशुका धारा बगाइन् । धेरैपल्ट आक्रोशका आगो बालिन् । र, अन्त्यमा सोधिन्, बहिनी गल्ती उसको कि मेरो ? बिग्रिएको ऊ कि म ?हाम्रोजस्तो समाजमा यसको उत्तर सजिलो छैन । गल्ती पुरुषले गरेपनि सजायँ महिलाले भोग्नुपर्ने समाजमा ती निर्दोष दिदीको घाउमा मेरो उत्तर मात्रै मल्हम बन्न सक्दैन पनि ।

कुनै केटासँग बोलियो र हाँसियो भने पनि बिग्रिएकी केटीको संज्ञा दिन्छ समाजले । प्रेमको चक्करमा परेको थाहा भयो भने त बाँकी के रहन्छ र ? त्यसैले म पुरुषदेखि सक्दो टाढा रहेँ । सँगै पढ्ने केटा साथीसँग पनि एउटा दूरी बनाएर बसेँ । मास्टर्ससम्म पढ्दा पनि म कुनै केटाको नजिक म गइनँ । यसको मतलब समाजको नजरमा म बिग्रिइनँ ।

मास्टर्स सकेपछि भने घरपरिवार र समाज आफैंले केटासँग सम्बन्ध गाँस्न जोड गर्न थाल्यो । प्रस्ताव पनि धेरैबाट आए । किनभने म सप्रिएकी केटी थिएँ । विवाह गर्ने उमेर पनि भइसकेको थियो । त्यसैले नाइँनास्ति गरिनँ, बरु घरपरिवार सवैको चित्त बुझ्ने केटा खोज्नमै जोड दिएँ। नाइँनास्ति गर्नु नपर्ने अर्को कारण पनि थियो, म पछिका दुई बहिनी हुर्किसकेका थिए । विवाहका लागि मैले गरिरहेको ढिला सुस्ति उनीहरुका लागि पनि बाधक भइरहेको थियो ।

यही सन्दर्भमा एकदिन एउटा परिवार मलाई माग्न आयो । घरघराना सवै परिवारका अन्य सदस्यलाई थाहै थियो । केटाका बारेमा सोधें, हेरें र बुझें, अस्वीकार गरिहाल्नुपर्ने अवस्था देखिनँ । यसैपनि जीवनमा अलिअलि सम्झौता गर्न त जोसँग पनि परिहाल्छ भन्ने लाग्यो । केटाले पनि मेरा बारेमा बुझेरै माग्न आएको थियो, त्यसले मेरो स्वीकृतिपछि उसले कुनै प्रश्न गरेन ।

एउटा मान्छेका जीवनमा तीनटा ठूला घटना हुन्छन् रे, जन्म, विवाह र मृत्यु । तीमध्ये सुखद् घटना दुईटा हुन्छन्, जन्म र विवाह । जन्म आफूलाई थाहा हुने कुरा भएन, मृत्यु झन् अकल्पनीय भइहाल्यो । मान्छेले जीवनमा देख्न पाउने र मनाउन पाउने उत्सव एउटा विवाह न हो । त्यसैले यसलाई सक्दो अवस्मरणीय बनाउनुपर्छ भन्ने लाग्ने नै भयो । बेहुली बन्नुअघि मनमा अनेक सपना थिए । के -के न गरिएला जस्तो पनि लागेको थियो, तर सोचेजस्तो नहुँदो रहेछ । के पुगेन, के पुगेन जस्तो हुँदो रहेछ, बेहुली बन्दा । विवाह भयो, जस्तो भए नि राम्रो भयो । नयाँ साथी पाएँ, जीवन जिउने नयाँ बाटो समाते । अलि-अलि उत्साह र अलि-अलि डर लिएर बेहुलाको घर लागियो ।

हिन्दूहरूको पवित्रस्थल हरिद्वारमा हाम्रो विवाह भएको थियो । त्यहाँबाट २४ घण्टाको दूरीमा थियो केटा घर । जुन घर भर्खरै मेरो पनि भयो । त्यो २४ घण्टाको यात्रामा धेरै कल्पना गरें । सबैभन्दा बढी त मेरो छेउमा बसेकै मान्छे जुन भर्खरै विधिवत रुपमा मेरो सबभन्दा नजिकको मान्छे बनेको थियो, उसको बारेमा सोचें । उसले दिने माया र उसले गर्ने जीवनसाथीको व्यवहार कल्पना गरेर मनभित्र रमाइलो अनुभूतिले तरंग सिर्जना गरिरहेको थियो, हामी चढेको कार रोकियो । उसको अर्थात् मेरो घर आइपुगेछ ।

'त्यो सामान लिएर आइजा,' ऊ अर्थात् दुलाहाले झर्केर भन्यो । म त बेहुली न थिए, त्यसरी मप्रति किन झर्केको होला ? अरु कसैलाई भन्यो होला भनेर मैले वास्ता गरिनँ । मैले आफ्नो सुझबुझले केही सामान लिएर घरको गेटतिर पाइला बढाएँ । उसका बहिनीहरूले घर प्रवेश गराए । मलाई उसको कोठामा लिएर राखे । मसँगै ऊ पनि बसिरहेको थियो । उसका आफन्त मलाई हेर्न तँछामछाड गर्दै थिए । कतिले भन्थे, 'कति राम्री ।' कतिले भन्थे, 'केटाले दुलही लक्षिणकी पायो ।' 'पढेलेखेकी नि रैछ, केटो भाग्यमानी भयो' भनेको पनि सुनें ।

यत्तिकैमा ऊ बाहिरियो । एकछिन यतैकतै गयो होला भनेर कसैले सोधखोज गरेन । लामै समय ऊ कोठामा प्रवेश नगरेपछि एकजनाको मुखबाट फ्याट्ट निस्कियो, 'उसले मन पराएको केटीसँगै विवाह गरिदिनुपर्छ नि । नमानेपपिछ यस्तै हुन्छ ।' मैले आधा बुझें, आधा बुझिनँ र धेरै त वास्ता गरिनँ । किनभने विवाहअघि नै उसले मलाई लभसव भएको वा नभएको सोधेको थियो । मेरो प्रेम सोध्ने उसका त्यस्तो चक्करसक्कर नहोला भन्ने लागेरै केही सोधिनँ । माग्न ऊ आएको थियो, मलाई हेरेर र मेरा बारेमा बुझेर ऊ माग्न आएकाले ऊ मसँग जीवन बिताउन राजी भएरै आएको होला भन्ने लाग्नु पनि त स्वभाविक थियो । जसले जे भनेपनि नकारात्मक सोच्नुहुन्न भनेर विवाहको पहिलो रात उसको प्रतिक्षामा बसें । त्यो पहिलो रातका हरेक पल जीवनभरका लागि सजाएर राख्ने कल्पना थियो । उत्साह थियो, उमंग थियो र थोरै उत्साह मिसिएको त्रास पनि थियो । मेरो प्रतिक्षा व्यर्थ भयो, ऊ आएन ।

विवाहको तेस्रो दिन, चलन अनुसार दुल्हन फर्काउनुपर्छ । ऊ मसँगै मेरो माइतीघर जानुपर्छ । तर, विहानैदेखि उसको अनुहार समेत देखिएन । सासु ससुराको कर र आग्रहमा ऊ मेरो माइत जाने भनेर घर आयो । मलाई माइत पुर्‍यायो, तर ऊ आफ्नो ससुराली घरमा पानी समेत नपिएर फर्क्यो । बाआमालाई घरमा जरुरी काम भएकाले तुरुन्तै फर्केको भनेर ढाँटें । मेरो मनमा चिन्ताको आगो बल्न सुरु गरिसकेको थियो, तर त्यो बाआमाको मनमा समेत सल्काउन चाहिनँ । किन उसले मलाई विहे गर्‍यो ? किन ऊ मदेखि यसरी टाढा भाग्छ ? म आफैंले सही उत्तर पाइरहेकी थिइनँ, अरुलाई के भन्नु ?

यसरी २ वर्ष बिते । मेरो मोबाइलमा बज्ने हरेक घन्टीमा उसको नम्बरको आशा गर्थें । उसले गरेको पो हो कि भनेर हतारमा उठाउथें, तर कहिल्यै उसको मोबाइल नम्बरले मेरो फोनको बाटो देखेन, मलाई माइती पुर्‍याएर गएपछि आफ्नो ससुरालीको बाटो नदेखे जस्तै । विवाह भएको २ वर्ष वितेपछि उसको नम्बरबाट फोन आयो । उत्साहित भएँ, उठाएँ, तर आवाज अपरिचित महिलाको आयो । कसलाई खोज्नुभएको भनें । उताबाट उत्तर आयो, 'तेरो बुढा र म एकअर्कालाई धेरै माया गर्छौं तँसँग उसले बाध्यताले विवाह गरेको हो । उसलाई छाडिदे ।'

यो समाजमा कसरी पुरुष बाध्यतामा पर्छ ? यसैपनि ऊ त्यस्तो बाध्यतामा थियो भन्ने त उसको घरमा पुगेपछि पनि मैले महशुस गरिनँ । विवाह गरेकै दिन घरबाट हराउन छुट भएको ऊ कसरी बाध्यतामा पर्‍यो मसँग विवाह गर्न ? सत्य कुरा के हो भने

*महिला खबर डटकमबाट*

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७५ चैत ११ सोमबार । 25 March 2019 Monday

www.rekhadekh.com


केही समय अघि यातायातको सहज पहुँच नहुँदा झोलुंगे पुलको लठ्ठा बोक्दै स्थानीय । फाईल तस्विर रेखदेख

# पर्यटन विकासका लागि तीन करोड

रेखदेख संवाददाता
मुसीकोट



रुकुम जिल्लाको पर्यटन विकासका लागि तीन करोड रुपैयाँ विनियोजित गरिएको छ। चालु आर्थिक वर्षमा कर्णाली प्रदेश सरकारबाट रुकुम (पश्चिम) पर्यटन विकासको लागि रु. ३ करोड २३ लाख बजेट विनियोजित गरिएको हो ।

कर्णाली प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले चालु आर्थिक बर्षको लागि रुकुम पश्चिममा नौ वटा योजना निर्माणको लागि बजेट पठाएको छ। जिल्लामा रहेको डिभिजन वन कार्यालयमा बिभिन्न ६ वटा शीर्षकमा मन्त्रालयले कार्यक्रम तथा बजेट पठाएको हो। प्रादेशिक पर्यटन सडक निर्माण, पर्यटन पदमार्ग तथा पूर्वाधार निर्माण, ड्राइ फुड उद्योग स्थापना, च्युरी प्रशोधन, गौतम उद्गम स्थल पूर्वाधार विकास र स्यार्पूताल संरक्षण शिर्षकमा बजेट आएको छ। मन्त्रालयले पठाएको बजेट तथा कार्यक्रममा आठबीसकोट नगरपालिकाका मात्रै चारवटा योजना समेटिएका छन् । चौरजहारी नगरपालिकामा दुई, सानीभेरी, बाँफिकोट र त्रिवेणी गाउँपालिकामा एक/एक वटा कार्यक्रम परेका छन्। आठबीसकोट नगरपालिकामा ड्राइफुड उद्योग स्थापनाका लागि ३८ लाख, गोतामकोट देखि अतिऋषि हुँदै सिस्ने हिमालसम्मको सडक निर्माणमा ४७ लाख ५० हजार, गौतम उद्गम स्थल पूर्वाधार निर्माणमा ४७ लाख ५० हजार र च्युरी प्रशोधनमा ९ लाख ५० हजार बजेट परेको छ।

चौरजहारी नगरपालिकामा सुन्दर बजार पीपलबोटदेखि रातापोखरा चाइनाबगरसम्मको पदमार्ग निर्माणमा २३ लाख ५० हजार र चिप्लेटी खागल जोगिनेटा सिम्लीका लागि ४७ लाख ५० हजार बजेट विनियोजन गरिएको छ। सानीभेरी गाउँपालिकामा सहिद स्मृति युद्ध संग्राहलय स्थापना गर्न ३३ लाख ५० हजार, स्यार्पूतालको संरक्षण गर्न बाँफिकोट गाउँपालिकामा ४७ लाख ५० हजार र युद्ध संग्राहलय स्थापना गर्न त्रिवेणी गाउँपालिकामा २८ लाख ५० हजार बजेट प्रदेशले पठाएको बताइएको छ।

प्रदेशबाट मन्त्रालयले पठाएको कार्यक्रम तथा बजेट कार्यान्वन जिल्ला स्थित डिभिजन वन कार्यालयबाट हुने व्यवस्था रहेको छ । कार्यक्रम कार्यान्वयनका सन्दर्भमा केही ठूला बजेटका कार्यक्रमहरुमा डीपीआर समेत गर्नुपर्ने भएकोले उक्त बजेट भने प्राप्त नभएको डिभिजन वन अधिकृत मुकुन्दप्रसाद अधिकारीले बताएका छन् । कार्यक्रम कार्यान्वनका लागि जनशक्ति पनि नपुग्ने अवस्था रहेको छोटो समयमा ठूलो बजेटका कार्यक्रमहरु कार्यान्वयन गर्नु चुनौतिपूर्ण रहेको उनको भनाई छ। आफ्नो जनशक्ति र बजेटले भ्याउने कार्यक्रमको सञ्चालनको प्रक्रिया अघि बढेको र सकेसम्म कार्यक्रम तथा बजेटको पूर्ण कार्यान्वयन गर्ने पक्षमा आफूहरु रहेको अधिकारीले बताए। डिभिजन वन कार्यालयमा रहेको जनशक्ति भन्दा फरक खालका कार्यक्रम भएकाले जनशक्तिको अभाव हुने सम्भावना रहेको कार्यालयले जनाएको छ।

केही योजना कार्यान्वयनमा इन्जिनियरिङ जनशक्तिको आवश्यकता पर्ने भएपनि त्यस्तो जनशक्ति कार्यालयमा नभएको डिभिजन वन अधिकृत अधिकारीले जानकारी दिएका छन्।


## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ। स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ। त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**भूमे गाउँपालिकाको कार्यालय रुकुम (पूर्व)**
**प्रदेश नं. ५ नेपाल**

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## बहु उद्देश्यीय सम्पर्क सेवा प्रा.लि.
## व्यवसायीक जीवनको सहयोगी साथि

- स्थानीय तथा बहु राष्ट्रिय कम्पनीका उत्पादित बस्तुको खरिद बिक्रीका साथै घर जग्गा कारोबार तथा बैकिङ कारोबार सम्पर्क सेवा ।
- विभिन्न व्यवसायीक तथा सामाजिक क्षेत्रका विषयहरुमा गरिने भेला, प्रशिक्षण, अन्तरक्रिया विचार तथा कार्यशाला गोष्ठी, तालिमको सशुल्क व्यवस्थापन सेवा ।
- रोजगारदाता कम्पनी, संस्था कार्यालयहरु सँगको समन्वय तथा सहकार्यमा दक्ष जनशक्ति मजदुरहरु आयात निर्यात गर्ने सेवा ।
- फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरुको व्यवस्थापन सेवा ।
- कम्प्युटर टाईपिङ, फोटोकपी, प्रिन्ट, लेमिलेसन, एमआरपी फारम भर्ने काम गरिन्छ ।
- पत्रिका वितरण तथा विज्ञापन संकलन गर्नुका साथै विद्युतीय छापा सञ्चार माध्यमको लागि पनि विज्ञापन संकलन गरिन्छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरिएर सेवा उपलब्ध छ ।

**प्रबन्धक निर्देशक :-** उपेन्द्रलाल कामी
**सर्म्पक नं.** ९८४४९१७४८५, ९८०९८२५७९२


# रेखदेख साप्ताहिक राशिफल

११-१७ चैत २०७५
25- 31March 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५




**मेष :** प्रयास गरेको काम पनि अधूरो रहनेछ। साना कामले समय बढि लिनेछ । स्वाथ्यमा केहि कमजोरी महशुस हुनेछ । शैक्षिक क्षेत्रमा समय दिन नसकिएला। कार्यमा अरुले साथ र सहयोग गरे पनि केहि प्रतिकुलता रहनेछ । अरुको सयोगमा लाग्नु पर्नेछ। निरन्तरता बाट गरिरहेको कार्यमा अवश्य सफलता र हनेछ ।




**वृष :** परिवारिक साथ र सहयोगले कार्यहरु सम्पादन हुनेछन। प्रेम क्षेत्रमा सफलता रहनेछ । भौतिक साधन प्रयोगले कार्यहरु बन्नेछन । आयआर्जनका कार्यहरु ठिकै रहनेछन । यात्रायुक्त समय रहनेछ । बिशेष कार्यमा सरिक भइनेछ। रोकिएका कामहरु बन्नेछ। दैनिक कार्यमा सफलता रहला।




**मिथुन :** अल्छी गर्नेहरुको लागि समय खेर जानेछ भने परिश्रमीहरुको लागि समय अनुकुल रहनेछ । तपाईको प्रयास बाट लक्ष्यप्राप्त गर्न सकिनेछ । लाम्रो यात्रा हुन सक्नेछ । कुनै कार्यमा समझौता गर्नुपर्नेछ। दीर्घकालीन फाईदा हुने काममा हात हाल्न सकिनेछ । मनोरन्जनमय समय ,रहेको छ। व्यावसायिक यात्रा रहनेछ।




**कर्कट:** आलस्यताले कार्यमा ढिलाई हुनेछ । गलत समाचारले चिन्ता बनाउनेछ। व्यावसायमा भने आशा अनुसार फाईदा नहुनेछ । नबिन कार्यलाई अगाडि बढाउन अप्ठरो हुनेछ ।आत्मा बिश्वास र धैर्यसाथ अगाडि बढनु होला। तपाईको मेहनतले कार्यमा सुधार आउनेछ ।बढनेछ। स्वादिष्ट भोजनको योग र हुनेछ ।




**सिंह :**समय परिस्थिति अनुसार चल्न नसक्दा काममा समस्या पाईनेछ । समयलाई चिन्न नसक्दा काममा ढिलाई हुनेछ । मौका पाएको अबसरलाई चिन्ने प्रयास गर्नुहोला। घर सम्पत्तिमा बिवाद रहनेछ । आफन्त तथा घरपरिवारमा कुरा नमिल्न सक्छ। अरुको सल्लाह लाई अनुसरण नगर्दा काम रोकिनेछ।




**कन्या:** समयलाई चिन्न नसक्दा काममा ढिलाई हुनेछ। मौका पाएको अबसर लाई चिन्ने प्रयास गर्नुहोला । घर सम्पत्तिमा बिवाद रहनेछ । आफन्त तथा घरपरिवारमा कुरा नमिल्न सक्छ। अरुको सल्लाह लाई अनुसरण नगर्दा काम रोकिनेछ । सहयोगि बाट सहयोग मिल्नेछ । दैनिक कार्यलाई अगाडि बढउदा सफलता रहनेछ।




**तुला :**तपाईको प्रयासबाट ढिलै भए पनि फाईदा उठाउन सकिनेछ। कृषि कार्यमा सफलता रहनेछ।आर्थिक लाभ युक्त समय रहला। व्यावसायमा ठिकै रहला । आत्मा बिश्वासमा बृद्धि रहनेछ । सहयोगिहरुले रामै साथ दिनेछन। काममा सोचे जस्तै सफलता रहला।




**वृश्चिक :** स्वादिष्ट भोजनको समय रहेको छ। शैक्षिक यात्रा ठिकै रहनेछ। भेटघाटको अलमलले कार्यमा ढिलाई हुनेछ। अवसर थुपै भएपनि फाईदा उठाउन नसकिएला। नबिन सोच बिचार आउनेछ। केहि समस्याहरु सामना गर्नुपर्ला। दैनिक काम ठिकै रहला। पारिवारीक रमाईलोमा समय बित्नेछ।




**धनु :** अधिक खर्चयुक्त समय रहला। आर्थिक लगानीयुक्त समय रहनेछ। समयलाई चिन्ने प्रयास गर्नुहोला। आफनन्तमा पनि चित्त नबुझ्न सक्छ। आर्थिक खर्च गरेर पनि त्यति फाईदा उठाउन नसकिएला । समस्या पर्दा साथ नदिनेहरु हुनेछन । समय बितेको थाहानै हुनेछैन। आफन्तको सम्झना आउनेछ ।




**मकर :** आम्दानीयुक्त समय भए पनि खर्चको मात्रा बढनेछ । परिश्रमको उचित फल प्राप्त नहुन सक्छ। सन्चित रकममा कमी रहनेछ। सोचेको काम समयमा नहुन सक्छ। शैक्षिक क्षेत्रमा त्यति रुचि नर हन सक्छ। सरसमान हराउन सक्छ सचेत रहनु होला। रिस मान्ने व्यक्ति बाट सावधानी रहनु होला।




**कुम्भ :** नाम,दाम र सम्मान युक्त समय रहनेछ। सामाजिक कार्यमा बढि समय दिन पर्ने छ । जग्गा जमिन तथा पैतिक सम्पत्तिमा सफलता प्राप्त रहनेछ । व्यावसायमा लाभ रहनेछ । काममा आफन्तको साथ रहनेछ। अरुलाई प्रभाव पारेर काम बनाउन सकिने छ। आफनो काममा सफलता रहनेछ।




**मीन :** परिक्षम बाट कामको फल प्राप्त रहनेछ। आरोप लगाउने व्यक्ति बाट सावधान रहनुहोला । बाध्यतामा पर्ने समय छ । कर्ममा प्रयास रहनु राम्रो हुनेछ । मनका कुरा सबैलाई नभन्नु होला । चुनौतिलाई चिदै अगाडि बढनु होला। भोलिको फाईदाको लागि काम गर्नुपर्ने देखिन्छ।

# तपाईं के थरी ? यो साधारण प्रश्न, जसले घाइते बनाउँछ





दिवाकर बागचन्द

## सन्दर्भ : ५४ अन्तर्राष्ट्रिय जातीय तथा रङभेदविरूद्धको दिवस

अमेरिका पसेको केही महिना मात्र भएको थियो। नेपाली देखिने जुन सुकै अनुहार देख्दा पनि बोल्न मन लाग्थ्यो । एउटा साधाराण नेपाली स्वभावैमा स्नेहले भरिएको हुन्छ । सात समुन्द्रपारी आफ्ना दाजु भाइको झन माया लाग्दोरहेछ ।

एक दिन ट्रेनमा थिएँ । मेरो छेउमै बसेका एक जोडी नेपालीमै कुरा गारिरहेका थिए । मलाई आफन्त र परिवारजन भेटेझैं लाग्यो। 'नमस्कार है, म पनि नेपाली हजुरहरूले नेपाली बोलेको सुनेर आफूलाई रोक्नै सकिनँ, बहुत खुसी लाग्यो, मेरो नाम फलानो,' मैले भने ।

त्यसपछि उहाँहरूको पहिलो प्रश्न नै थियो, 'तपाईं के थरी ?' मसँग यसको जवाफ थिएन। मैले आफूलाई 'जात' को लेन्सबाट कहिल्यै पनि हेरिन । यो प्रश्नले हामीबीच एक पलका लागि विकास भएको सामिप्यता धरासायी भयो । मन खिन्न भयो। आत्मा नै चोटिल हुन गयो ।

हामी तीन जनाले तय गरेको सात समुन्द्रको दूरी भन्दा ठूलो दूरी स्थापित हुन समय लागेन । मेरो नेपाली भन्ने परिचय, मानव भन्ने जात उहाँहरूलाई कापफी थिएन । उहाँहरूलाई मेरो थरसँग सरोकार थियो ।

मैले आफैंलाई दोष दिँदै मनमनै भने, 'अपरिचितसँग मैले बोल्नुनै किन परेको थियो?' त्यसपछि म मौन भएँ । केही बोलिनँ। साधारण सिष्टाचार पनि ननिभाइ म आफ्नो स्टेसनमा उत्रिएँ । झुपडी छोडे पनि खोपडी नसुुएिको यो एउटा साश्त्रीय नमूना थियो । यति सानो कुरालाई पहाड बनाउन के जरूरी भन्ने कतिपयलाई लाग्ला। तर मेरो विचारमा पहिलो कुरा यो सानो कुरै होईन । दोस्रो, यदी सानै रहेछ भने पनि ठूलो समस्याको बिउ हो। माथि उल्लेखित दृष्टान्तलाई मात्र ध्यानमा राख्ने हो भने पनि यो सानो प्रश्नले हामी तीन नेपालीलाई मनोवैज्ञानिक र भावनात्मक रूपमा अलग गरिदियो । 'आफू जे जात को हो, त्यो भन्न के आपत्ति', भन्ने गरेको मैले धेरै सुनेको छु । तर यो प्रश्न र सोच नै गलत छ । जात वर्णाश्रम को 'प्रडक्ट' जात हो । यो जुन सुकै पबित्र उद्देश्यका साथ निर्मित भए पनि यसको परिणाम घातक नै रह्यो। यसले हामी नेपालीलाई सामाजिक मनोवैज्ञानिक र कुनै रूपमा एक हुन दिएन।

यसको मूल्य कथित दलितले मात्र होईन कथित गैर दलितले पनि पनि भोग्दै आएका छन् ।

जब श्रम गर्ने मजदुर, कलाकार र सर्जकको सृजना स्वीकार्य हुन्छ तर उसको स्पर्सले समाजकै स्तर गिर्छ । उत्पादक्तवमा असर पर्छ । न कथित दलित सम्पन्न हुन्छ, न कथित गैर दलित नै । हामी एक अर्कामा गरिबी बाँडिरहेका हुन्छौं। विकास सम्वृद्धि, सबै भद्दा शब्द बन्छन् । जाति प्रथाका बारेमा यति धेरै साहित्य लेखिएका छन्, 'रिसर्च' भएका छन् । म त्यतातर्फ जान चाहन्नँ। मेरो एउटै ध्येय के हो भने, हाम्रो जीवनबाट जातीय विभेद पूर्णतया निर्मुल हुनुपर्छ । अझ भनौं भने जातिवादको अन्त्य हुनुपर्छ ।

जातिवाद तथा रंगभेदविरूद्धको अन्तर्राष्ट्रिय दिवस मनाईरहँदा सुन्दर देश नेपाललाई कुरूप देखाउने हाम्रो सोच बदल्न जरूरी भएको छ ।

यसलाई दिवस होइन, जातिवाद अन्त्य गर्न पहल गर्ने हिम्मत र प्रयासलाई स्मरण गर्ने र हरेकले आफ्नो जीवनबाट आफ्नो परिवार टोल छिमेकबाट र यस धर्तीबाट घृणित अपराधलाई निमिट्यान्न पार्न धृढ शंकल्प गर्ने दिन हो ।

दिवसको रूपमा मात्र यसलाई सिमित राख्दा यो कर्मकाण्ड बन्छ। कर्मकाण्डले मात्र समाज र सोच परिवर्तन हुँदैन । प्रयास हुनुपर्छ । त्यसको पहिलो शर्त हो-सोच परिवर्तन र फराकिलो हृदय। यसका लागि हामी के गर्न सक्छौं

एक अर्कालाई जातको लेन्सबाट हेर्न छोड्नुपर्छ ।

जातीय समाज संगठन, सौन्दर्य प्रतियोगिता र जातिवादलाई प्रशय दिने कुनै कृयाकलाप नगर्ने ।

कथित दलितको पीडालाई आत्मसात गर्ने र अन्तर्घुलनलाई 'प्राक्टिस' गर्ने। बुढापाकाको हवाला दिँदै जिम्मेवारीबाट उम्कन नखोज्ने ।

जातीय विभेद उन्मुलनविरूद्धका कानुन र संबैधानिक प्रावधानको कार्यान्वयनमा इमान्दार बन्ने ।

जातीय विभेद सामाजिक कुरिती नभई, संगीन फौजदारी अपराध हो भन्ने मनन गर्ने ।

कानूनको सम्मान र पालन गर्ने ।

हुन त चोटको पीडा पीडितलाई मात्र थाहा हुन्छ । तर, समवेदना मानवको 'डिएनए' मा हुन्छ । तसर्थ सधैं पीडित मानसिकता राख्दा समस्या समाधान उन्मुखभन्दा जटिल बन्न सक्छ भन्ने बुझाई त्यतिकै आवश्यक छ ।

जातीय विभेद दलितको समस्या मात्र होइन, हुनै सक्दैन । जुन कुराले अन्तर्राष्ट्रिय मञ्चमा सबै नेपालीको शीर निहुँरन्छ । त्यो कथित दलितको समस्या मात्र कसरी हुन सक्छ ? यो सबै नेपालीको समस्या हो ।

आज '५४ अन्तर्राष्ट्रिय जातीय तथा रङभेदविरूद्धको दिवस मनाईरहँद माथि उल्लेखित अति आधारभूत काम हामीले सुरू गरेमा अरू गहन र महत्वपूर्ण सवालको सम्बोधन सहज हुनसक्छ । नभए, युगौंसम्म पछौटेपनको सिकार भइरहने छौं ।

यस दिन 'सबै किसिमका जातीय विभेद उन्मुलन गर्ने सम्बन्धी महासन्धि-१९६५' को प्रस्तावनाको मर्मलाई मनन गरिदिए पुग्छ ।

'जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिक रूपले गलत, नैतिक रूपले निन्दनीय, सामाजिक रूपले अन्यायपूर्ण र खतरनाक भएको तथा सिद्धान्त वा ब्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको औचित्य नभएको'

यति गर्नसके 'विभेदरहित नेपाल' नारा होईन जीवनशैली बन्ने छ । नेपाल साच्चीकै नेपाल बन्नेछ ।

*सेतोपाटी डटकमबाट*

# विद्रोही नेता हेमन्त प्रकाश ओली को हुन ?






हेमन्तप्रकाश ओली दशवर्षे जनयुद्धको क्रममा प्रचण्डको नेतृत्वमा रुकुमबाट युद्धमा होमिएका थिए । रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका घर भएका ओली जनयुद्धकालमा प्रचण्डपथको वकालत गर्ने मध्ये किरणपछिका नेता मानिन्थे । दार्शनिक वैचारिक नेताको छवि बनाएका ओली पछिल्लो समय नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका स्थायी समिती सदस्य तथा मध्य केन्द्रिय कमाण्ड इन्चार्जको जिम्मेवारी सम्हालेका छन् ।

दशवर्षे जनयुद्धको क्रममा पहिलो राजनीतिक कमिसार भएर रुकुमको आठविसकोट चौकी आक्रमणको नेतृत्व गरेका ओली भुमिगत राजनीति गर्दै यहाँसम्म आइ पुगेका हुन् । माओवादी शान्ति प्रक्रियामा आएपछी पार्टीमा असन्तुष्टि जनाउदै छुट्टै पार्टी नेकपा न्यूक्लियस गठन गरेर राजनीतिमा सक्रिय थिए । त्यसपछी विप्लव नेतृत्वको नेकपामा पुगेका ओली सो पार्टीमा तेश्रो वरियतामा छन् ।

विप्लव, प्रकाण्डपछी ओलीको वरि यता तोकिएको छ । उनी साहित्य तथा दर्शनको क्षेत्रमा एचपी हिमालीको नामबाट चिनिन्छन । अध्यनशिल नेताको रुपमा छवि बनाएका ओली लामो समय जेल जीवन विताउने नेतामध्ये एक हुन् । जनयुद्धको क्रममा उनी बाजुराबाट २०५५ माघ २८ गते पक्राउ परेर २०५८ साल असार २१ गते रिहा भएका थिए ।२०३६ सालको विद्यार्थी आन्दोलनबाट प्रभावित भएर राजनीतिमा चासो राख्न थालेका उनी २०३७ सालमा अनेरास्ववियूको सदस्य, २०३९ सालमा रुकुम जिल्ला सदस्य, २०४० मा तत्कालीन प्रतिबन्धित नेकपा मशालको सदस्य, २०४४-०४८ सालमा अनेरास्ववियूको केन्द्रीय सदस्य, विद्यार्थी नेता र पार्टी एरिया सदस्यको हैसियतामा जनआन्दोलनमा सहभागीहुँदै २०४८ सालमा नेकपा एकताकेन्द्रको जिल्ला सदस्य, २०५१ सालमा रुकुम जिल्ला सेक्रेटरी भएका थिए ।

२०५४ सालमा भारतको हरि यानामा भएको बैठककबाट नेकपा माओवादीको केन्द्रीय सदस्यमा चयन भएका थिए । एक बर्षपछि बझाङ र बाजुराम कार्यक्षेत्र भएको बेला जेल परेका ओली रिहा भएपछि पुनः २०५५ को गोवा बैठकबाट केन्द्रीय समितिमा सामेल भएर जनयुद्धकालमा कमिसार र राज्यको इञ्चार्जको रुपमा सक्रिय भएका थिए । शान्ति प्रक्रियापछि तत्कालीन राप्ती ब्यूरो इञ्चार्ज हुँदा जनएकता तथा रुपान्तरण अभियानको अगुवाइ गरेका ओली लामो समय मगराज राज्य समिति इञ्चार्जको रुपमा क्रियाशील थिए ।

राजनीतिमा आदर्श र सिद्धान्तबाट च्युत हुनेका विरुद्ध सधै लड्ने प्रण गरेको भन्दै एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्द हुन पुगेका थिए । विप्लवले नेतृत्व गरेको नेकपाका मध्य केन्द्रिय कमाण्ड इन्चार्ज तथा स्थायी समिती सदस्य ओली जेल जीवन र लामो संघर्षका कारण सुगरबाट ग्रसित छन् ।नेपालमा राज्यले वैधानिक लुट मच्चाएको भन्दै दलाल, भ्रष्टाचारी, घुसखोरी तथा फटहालाई निशाना बनाएर कारबाही गर्ने भन्दै सुरु भएका विप्लवका गतिविधिलाई सर कारले प्रतिवन्ध लगाएपछी भुमिगत हुन पुगेका थिए । यहि क्रममा २०७५ चैत ९ गते प्रहरीले उनलाई काभ्रेबाट फेरि गिरफ्तार गरेको छ ।




'समुदायको लागि सामुदायिक आवाज'

**सामुदायिक रेडियो उत्तरगंगा एफ.एम. १०२**

विभिन्न ज्ञान विज्ञान र चेतानाका कुरा, गित संगित र समाचारको लागि सधै सुन्ने गरौं । साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।


सम्पर्कको लागि : ९८४७८६९०१३

तपाईको पल पलको साथी

# मिर्गौला रोगका १० लक्षण र अपनाउनु पर्ने सावधानी

**मिर्गौला रोग के हो?**

प्रत्येक मानिसका शरीरमा मेरुदण्डको दुवैतर्फको मध्यभागमा करङको ठीक मुनि दुई वटा सिमी आकारको अंगहरू हुन्छन् । यिनै अंगलाई मिर्गौला भनिन्छ । मिर्गौलाले २४ घण्टामा करिब २ सय लिटर रगत छान्ने काम गर्दछ । यस प्रक्रियाबाट रगतमा भएका विकार वस्तु हटाउनुका साथै अत्यधिक पानीलाई पिसाबको माध्यबाट बाहिर निकाली शरीरमा पानीको मात्रामा सन्तुलन कायम गर्दछ। यही महत्वपूर्ण अंगमा देखिने रोगलाई नै मिर्गौला रोग भनेर चिनिन्छ ।



मिर्गौला ठीकसँग काम गरे नगरेको कसरी थाहा पाउने ?

- रगतमा युरिन र क्रियाटिन मात्रा हेरेर
- २४ घण्टाको पिसाब जम्मा गरि क्रियाटिन क्लियरेनस पत्ता लगाएर
- रगतमा हेमोग्लोबिन, क्याल्सियम र फस्फोरसको परिक्षण गरेर
- मिर्गौलाको हर्मोन उत्पादन सम्बन्धी जाँच गरेर

**मिर्गौला रोगका कारण**

- मधुमेह, उच्चरक्तचाप, युरिक एसिड, पिसाब सम्बन्धी संक्रमण, दु:खाइ कम गर्ने औषधिको अधिकतम प्रयोग गर्ने।
- अनावश्यक एन्टीबायोटिकको प्रयोग, पिसाब नलीको बनावटका खराबी, वंशाणुगत रोग, मिर्गौलामा पत्थरी।

**मिर्गौला रोगका लक्षण**

- थकाइ र कमजोरी महशुस हुनु
- छाला चिलाउनु
- राती बढी पिसाब लाग्नु
- हात गोडा सुन्निनु
- महिनावारी गडबडी
- निदाउन कठिनाइ पर्नु
- आँखा वरीपरी सुन्निनु
- मांसपेशी बाउँडिनु
- कामबासनामा कमी आउनु
- रक्तअल्पता

यी लक्ष्यणहरू अन्य अवस्थामा पनि हुन सक्छन्। यस्ता स्वास्थ्य समस्या भएमा तुरुन्तै परीक्षण गराउनु पर्दछ।

**मिर्गौला फेल भएपछिका उपचार विधि**

- डायलाइसिस
- मिर्गौला प्रत्यारोपण

**मिर्गौला रोगीले अपनाउनु पर्ने सावधानी**

- विभिन्न किसिमका रोगबाट बच्ने खोप लगाउने।
- रक्तचाप नियन्त्रण गर्ने।
- रगतमा चिनीको मात्रा नियन्त्रण राख्ने।
- समुचित खानपानमा ध्यान दिने।
- प्रोटिनयुक्त खानेकुरा कम खाने।
- धूमपान तथा मध्यपान नगर्ने
- नियमित रुपमा विज्ञहरूको सल्लाहअनुसार काम गर्ने।
- चिकित्सकको सल्लाहविना औषधि सेवन नगर्ने।
- मधुमेह र उच्च रक्तचापको लागि दिएको औषधि नियमित सेवन गर्ने।

**रोकथाम**

- प्रत्येक ६ महिनामा एकपटक स्वास्थ्य परिक्षण गराउने।
- अनुशासित जीवन बिताउने।
- सन्तुलित स्वास्थ्य आहार।
- नियमित व्यायाम
- जाँड,रक्सी,चुरोट, बिँडीजस्ता सुर्तिजन्य पदार्थ सेवन नगर्ने।
- विभिन्न रङ तथा केमिकल हालेका खानेकुरा नखाने ।

# मुसीकोटमा कांग्रेसका अगुवा कार्यकर्ताको भेला

**रेखदेख संवाददाता**
**मुसीकोट**

नेपाली कांग्रेस मुसीकोट नगरपालिकाले अगुवा कार्यकर्ता भेला गरेको छ। आईतबार मुसीकोट स्थित खलगा बहुमुसी क्यापसको हलमा मुसीकोट नगरपालिका १४ वटै वडाका अगुवा कार्यकर्ताहरुको भेला भएको हो। कार्यक्रममा प्रत्येक वडा प्रतिनिधीहरुले हरेक वडामा कांग्रेस अवस्थाको बारेमा जानकारी गराएको नेपाली कांग्रेस मुसीकोट नगर सभापति महेन्द्र केसीले जानकारी दिएका छन् । उनले भने, 'हरेक वडामा नेपाली कांग्रेस र भातृ संगठनको विस्तार गर्ने कार्यक्रम अर्न्तगत हरेक वडामा पार्टी अहिलेको अवस्थाको छलफल गरिएको हो ।' कार्यक्रममा नेपाली कांग्रेसका महासमिति सदस्य तथा पूर्व राज्यमन्त्री गोपाल जीजंग शाहको प्रमुख आथित्यता रहेको थियो । कार्यक्रममा बोल्दै पूर्व राज्यमन्त्री गोपाल जी जंग शाहले हरेक वडामा पार्टीका साथै भातृ संगठनहरु विस्तार गरी अघि वढ्न सुझाव दिए। स्थानीय सरकारले गरेका गतिविधीको बारेमा सुक्ष्म तरिकाले अध्ययन गर्न कार्यकर्तालाई पूर्व राज्यमन्त्री आग्रह गरे ।' नेपाली कांग्रेस रुकुमले रुकुम पश्चिमका ७३ वटै वडामा संगन विस्तारको काम अगाडि वढाउने जनाएको छ । कार्यक्रममा नेपाली कांग्रेस रुकुमका पूर्व पार्टी उपसभापति तथा बरिष्ठ अधिबक्ता डा. नवराज गौतम, पार्टी सचिव गोरखबहादुर खत्री, कोषाध्यक्ष मोहबीर खड्का, नेपाल दलित संघका केन्द्रिय सदस्य यज्ञबहादुर परियारलगायत मुसीकोट नगरपालिकाका वडाध्यक्ष, वडाका पार्टीका कार्यकर्ताहरुको लगायतको आथित्यता रहेको थियो ।

# शिलवन्दी मदिरा पसल खुल्यो

**रेखदेख संवाददाता**
**मुसीकोट**

शिलबन्दी गरिएको मदिरा पसल खुलेको छ। रुकुम पश्चिम सल्ले स्थित पिके कोल्ड स्टोर्समा गरिएको शिलबन्दी खुलाईएको हो ।

जिल्ला समन्वय समिति रुकुम पश्चिमको गत माघ ५ गतेको बैठकले निर्णय गरे अनुसार फागुन १६ गतेदेखि मदिरा बिक्रि बितरण नगर्न भनेपनि अटेर गरेको भन्दै मुसिकोट नगरपालिका प्रमुख देबिलाल गौतम नेतृत्वको टोलीले शिलबन्दी गरेको थियो । मदिरा ब्यवसायीले आफुहरुले कानुन अनुसार मदिरा बिक्रि बितरण गर्न पाउनुपर्ने माग सहित उच्च अदालत सुर्खेतमा मुद्दा दायर गरेसँगै अदालतले ब्यवसायीकै पक्षमा अन्तरिम आदेश गरेपछि गरेपछि मुसिकोट नगरपालिकाका वडा नम्बर १ का अध्यक्ष बिरबल केसीले शिलबन्दी गर्दा लगाइएको ताला खुलाएका छन्। अदालतको आदेशमा बिपक्षी जिल्ला समन्वय समिति रुकुम पश्चिमलाई मदिरा बिक्रि बितरणमा रोक नलगाउन र पसल शिलबन्दी गरिएको भए तत्काल खोलिदिन आदेश गरेको थियो।

तर जिल्ला समन्वय र नगरपालिकाका प्रमुख वा प्रतिनिधीहरुले उक्त आदेश आएको करिब एकसाता बितिसक्दा पनि शिलबन्दी खुलाउन पहल नगरेपछि मदिरा ब्यवसायीहरुले वडा अध्यक्ष मार्फत शिलबन्द खुलाएको मदिरा ब्यवसायी संघ रुकुम पश्चिमका अध्यक्ष नबिन खड्काले बताएका छन् ।

अदालतको आदेश अनुसार मदिरा पसलहरु संचालनमा आएपनि मदिरा आयातमा कडाई गरेको ब्यवसायीहरुले बताएका छन्।

ताजा सामाचार र भरपुर मनोरञ्जनका लागि
www.rekhadekh.com

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ। भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरू पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।

कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**आठबिसबकोट नगरपालिकाको कार्यालय**
**रुकुम (पश्चिम) प्रदेश नं. ५ नेपाल**

## व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ। स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ। त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं। साथै विवाह, बसाईसराई, मृत्यु र सम्बन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**



बेमौसमी तरकारी खेतीमा काम गर्दै स्थानीय किसान । परम्परागत खेती प्रणाली भन्दा बेमौसमी तरकारी खेतीबाट दोब्बर आम्दानी हुने भएपनि किसान यसतर्फ आकर्षित भएका छन् । रेखदेख

# यी हुन् दुनियाकै अनौठा केही विश्व कीर्तिमान

गिनिज बुकमा आफ्नो नाम दर्ज गर्नका लागि मानिसहरु के -के सम्म गर्न पछि पर्दैनन् ! रेकर्ड कायम गर्नका लागि वर्षौंसम्मको मिहिनेत तथा अभ्यास र त्यागको फल प्राप्त गरेर गिनिज बुकमा नाम चढाएसँगै मानिसहरु रातारात चर्चित हुन्छन् ।

बितेको वर्ष सन् २०१८ मा पनि केही त्यस्ता कीर्तिमानहरु गिनिज बुकमा दर्ज भए। तीमध्ये केही यस्ता छन् :

- विश्वमा सबैभन्दा लामा खुट्टा भएकी महिलाको कीर्तिमान रुसकी एकातेरिना लिसिनाले कायम गरेकी छिन् ।

उनको बायाँ खुट्टा १३२.८ सेमी र दायाँ खुट्टा १३२.२ सेमी लामो छ । अनौठो त के भने उनको घरका सबै सदस्यको उचाई ६ फिटभन्दा धेरै छ ।

- चीनकी यु जियांक्सिया विश्वमा सबैभन्दा लामो परेला भएकी व्यक्ति हुन् । उनको बायाँ आँखाका परेलाको लम्बाई १२.४० सेमी छ । गिनिज बुकमा दर्ज भएपश्चात् पनि उनका परेलाको लम्बाई लगातार बढिरहेको छ ।



- अमेरिकाकी आयना विलियम्स विश्वका सबैभन्दा लामो नङ भएकी महिला हुन्। उनको सबैभन्दा लामो नङ १०.९ इन्चको रहेको छ। जुन विश्व कीर्तिमान हो ।

- अमेरिकाको कोलोराडोका हन्टर इभन नामका व्यक्तिले लगातार ९ सय १० वटा बेलुन फुलाएर विश्व कीर्तिमान कायम गरे ।

- अमेरिकाकै लस एन्जल्सका बेनी हार्लेमको कपालको जुरो सबैभन्दा लामो छ । उनको कपाल जुरोको उचाई ५२ सेन्टीमिटर रहेको छ ।

- विश्वका सबैभन्दा होचो जोडी पालो ग्याब्रियल र सिल्भा बारास हुन्। उनीहरु दुबैको जिउको उचाई जम्मा १८१.४१ सेमी रहेको छ । उनीहरुको सन् २०१६ को डिसेम्बरमा बिहे भएको थियो ।

- अमेरिकाको मिसिगनमा रहेको एउटा बिरालो ४८.४ सेमी लामो छ। उक्त बिरालो विश्वकै सबैभन्दा लामो बिरालो हो ।

- बेल्जियमका इन्जिनियर जेफ पिटर्सले विश्वको सबैभन्दा गह्रौं साइकल बनाएका छन्। उक्त साइकलको तौल ८६० किलो रहेको छ ।

- अमेरिकाका जिम एरिंगटन विश्वका सबैभन्दा बुढा बडी बिल्डर हुन्। उनको उमेर ८४ वर्ष रहेको छ। उनी पछिल्लो ७० वर्षदेखि बडी बिल्डिङ्ग प्रतियोगितामा सहभागी हुँदै आएका छन् ।

एजेन्सीको सहयोगमा




प्रो.नवराज ओली
९८६६९६६५२२
९८०३५०८८५२
निराजन गार्मेन्ट एण्ड सप्लायर्स
मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

फागुन देखी बैशाखसम्मको अवधि हावाहुरी वढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टेतेल आदी ज्वलनशिल बस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावि आगो बाल्दा हुन सक्ने दुर्घटनाहरु बारे सचेत गराउने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका-१, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम